परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
❑ वर्ष ११ ❑ अंक ३ २०७९ श्रावण २९ गते आइतवार Sunday 14, AUG 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## खेलाडीको महाकुम्भ, नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश १ बाट ३६ वटै खेलमा सहभागीता

विराटनगर, श्रावण २६ गते । राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश १ बाट ३६ बटै खेलमा सहभागीता जनाउने भएको छ ।

गण्डकी प्रदेशको पोखरामा अगामी असोज २८ गते देखि कर्तिक ३ गते सम्म हुने प्रतियोगितामा प्रदेश १ बाट सम्मान जनक उपस्थिति जनाउने निर्णय भएको पत्रकार सम्मेलन गरी जानकारी गराएका हुन् ।




नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा ७ बटै प्रदेश, ३ बटा विभागीय र एनआरएनए गरी ११ बटा टीमको सहभागीता रहने भन्दै प्रतियोगितामा जम्मा ७ हजार ७ सय ८८ खेलाडी र ३६ वटा खेल हुने प्रदेश खेलकुद विकास वोर्ड प्रदेश १ का सदस्य सचिव हंशराज बाग्लेले वताए ।

उक्त प्रतियोगितामा भाग लिन प्रदेश १ को १४ वटै जिल्लामा करीब ३५ हजार खेलाडीहरुलाई सहभागी गराई छनौट भएका खेलाडीलाई राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागीता गराउने भएको छ । प्रदेश स्तरीय प्रतियोगितामा खेलाडी र प्रशिक्षक गरी जम्ममा ५ हजार ६ सयको सहभागीता रहने भएको छ । खेल इभेन्टस ४ सय ५ वटा हुने वाग्लेले वताए ।

नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश १ बाट अफिसियल टिम, कोच र व्यवस्थापक संख्या ८८ जनाको सहभागीता रहने भएको छन्

वांकी अन्तिम पेजमा...

## भक्तजनको प्रहरीद्धारा उद्दार

सोलुखुम्बु, । सोलुखुम्बु सोलु दुधकुण्ड नगरपालिका १ स्थितमा रहेको प्रसिद्ध धार्मिक स्थल ठुलो दुधकुण्ड को दर्शनार्थ आएका एक भक्तजनको प्रहरीद्वारा उद्दार गरिएको छ ।

गत २६ गते दर्शनको लागि गएकी युवती ४६०० मि. उचाईमा रहेको दुधकुण्ड नजिकै लेक लागि अचेत अवस्थामा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरी टोलीले फेला पारेको थियो ।

अचेत अवस्थामा रहेकी ति युवतीको महिला प्रहरीले बोकेर दुधकुण्ड बेश क्याम्प तर्फ प्राथमिक उपचारको लागि लगिएको थियो । काठमाडौं घर भएकी ति युवती उपचार पश्चात सामान्य भएर घर फर्किसकेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ

## ब्राउन सुगर कारोवारमा संलग्न १ भारतीय नागरिक सहित ४ पक्राउ

झापा । झापाको विभिन्न स्थानबाट लागुऔषध ब्राउनसुगर सहित ४ जनालाई पक्राउ गरिएको छ ।

बुधवार दिउसो सँवा २ बजे वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका ३ झोलुङगे पुलबाट भारतबाट नेपाल तर्फ आउदै गरेको भारत पश्चिम बंगाल दार्जिलिङ थाना खुरीबारी भेलकोजोत बस्ने ४२ बर्षीय निखिल विश्वासलाई ब्राउन सुगर ३ ग्राम ८०० मिलिग्राम सहित पक्राउ गरिएको थियो ।

त्यसै गरी बुधवार बेलुका ७ बजे लागुऔषध नियन्त्रण व्युरो काकडभिट्टा र ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका २ चारपाने स्थितबाट सोही स्थान बस्ने ३६ बर्षीय बद्रि राजबंशीलाई ब्राउन सुगर ३ ग्राम सहित पक्राउ गरेको थियो ।

सोही दिन राती ८ बजे झापाकै दमक नगरपालिका ९ ईटाभट्टा स्थितबाट ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले को २९ प २२३४ नम्बरको मोटर साईकलमा सवार रहेका गौरादह नगरपालिका १ बस्ने ३३ बर्षीय भिम बहादुर श्रेष्ठ र ३२ बर्षीय मोहन सिलवाललाई ब्राउन सुगर २५ ग्राम र नगद १० हजार सहित पक्राउ गरेको थियो ।

लागुऔषध ब्राउनसुगर सहित पक्राउ परेका चारै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## केशलिया व्यूटिफिकेसन सहित कोरिडोर निर्माण कार्यको शुभारम्भ

विराटनगर । केन्द्र र प्रदेश सरकारले बजेट विनियोजन गरेसँगै केशलिया व्युटिफिकेसन सहित कोरिडोर निर्माण कार्यको सुरुवातभएको छ । मंगलबार विराटनगरमा आयोजित बुढी तथा केशलियानदी कोरिडोर तथा संरक्षण योजनाका संदर्भमा छलफल तथाअभिमुखीकरण कार्यक्रममा कोरिडोर निर्माणका लागि विज्ञहरूले प्रस्तुतिदिएकाहुन् ।

नदीक्षेत्रमागएर गरिएको अनुसन्धानबाट कोरिडोर निर्माण गर्दाका हुने फाइदा र चुनौतीकाबारेमा अवगत गराएका छन् । विज्ञहरू डा. महेन्द्र सुब्बा, प्रशान्तमल्लतथा जेनीश्रेष्ठले दिगो विकासको अवधारणा अन्तरगतआयोजना सञ्चालन गर्न सकिने बताएका छन् । नदीबाटै नागरिकको आर्थिक अवस्थालाई चलायमान बनाउनका साथै नदीशौन्दर्य करणका लागिआयोजना सञ्चालन गरिने प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले बताए ।

कार्यक्रमको अध्यक्ष समेत रहेका मन्त्रीकार्कीले वृहत् विराट क्षेत्रको अवधारणा अनुसार कार्यान्वयनहुने गरी केशलिया कोरिडोर निर्माण गरिने बताएका छन् । केशलियानदीलाइ सौन्दर्यीकरण गर्ने अभियानले

वांकी अन्तिम पेजमा...

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पूर्वाधारले सम्पन्न तथा
निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
H.A (General Medicine)
Radiography
D. Pharmacy
Lab Technician
फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण ३० गते सम्म ।
प्रवेश परीक्षा : २०७९ भाद्र ४ गते ११ बजे ।
सम्पर्क
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१५२०९७३ ५२०९७५ मो. ९८५२०५५०५०



क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## सुनचाँदीको...

भने खेलाडीका संख्या ६ सय ९४ रहने छन् ।

प्रदेश १ वाट ३४ बटा खेलमा सहभागीता जनाउने पक्का भई सकेको छ भने दुईवाटा खेल लन टेनिस र ट्रायथेलनको लागि १४ बटै जिल्लाको खेलाडी विवरण माग गरिसकेको छ विवरण आएपछि अन्तिम टुंगो लाग्ने छ ।

प्रदेश खेलकुद विकास वोर्डले अगामी भदौ २ गते देखि ७ गते सम्म जिल्ला छनौट र जिल्लावाट छनौट भएको खेलाडीहरुलाई भदौ १० गते देखि १९ गते सम्म प्रदेश स्तरीय वृहत खेलकुद प्रतियोगिता गरीने तालिका समेत सार्वजनिक भई सकेको छ ।

प्रदेश १ को १४ बटै जिल्लामा कम्तीमा १ वटा खेल गर्ने र वांकी खेल सुनसरी, मोरंग, झापा र उदयपुर जिल्लामा गर्ने तयारी भएको छ ।

आठौ राष्ट्रिय खेलकुद प्रतियोगितामा ९ वटा स्वर्ण, २० वटा रजत र ५९ वटा कास्य पदक प्राप्त गरेकोमा नवौं प्रतियोगितामा सो भन्दा बढी पदक ल्याई प्रदेश १ लाई खेलकुद प्रतियोगितामा पनि १ नम्वर नै बनाउने प्रयत्न रहेको वाग्लेले वताए ।

नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश १ बाट सहभागीता हुनका लागि करीब ९ करोड १२ लाख आवश्यकता भएपनि प्रदेश सरकारले ५० लाख मात्र छुट्याएको छ भने राष्ट्रिय खेलकुद परिषदले ४९ लाख दिएको छ । अरु वांकी रकम प्रदेश सरकारले व्यवस्था गर्ने सदस्य सचिव वाग्लेको भनाई छ ।

राष्ट्रिय खेलकुद प्रतियोगिता खेलाडीहरुको लागि महाकुम्भ भएकोले पदक ल्याउने गरी खेलाडीको मनोवल र हौसला उच्च बनाउन बन्द प्रशिक्षण प्रदेश खेलकुद विकास वोर्डले दिने भएको छ ।

## केशलिया...

विकासको नयाँ स्वरूप देखाउने मन्त्रीकार्की बत्ताउँछन् । 'हामीले विराटनगरमा नयाँयोजनागर्दै छौं भने आसपासकापालिका र स्थानीयतहपनि समेट्न' पर्दछ । त्यो विकासको मोडालिटि विकेन्द्रित हुन्छ । मन्त्रीकार्कीले भने, स्थानीयतहको समेत सहभागितामा कोरिडोरको निर्माण थालिने छ ।

कार्यक्रमकाप्रमुखअतिथिप्रदेश १ का आर्थिक मामिलातथा योजनामन्त्री इन्द्रबहादुर आङ्वोले परियोजनालाई सम्पन्न बनाउन प्रदेश सरकार लागि पर्ने बताए । अघिल्लो सरकार हुँदै आयोजनानिर्माणको कार्य थालजि गरिने बताएको भए पनि अस्थिरताका कारण सुरु हुन नसकेको उनको भनाई छ ।

कार्यक्रममाप्रदेश योजना आयोगकाउपाध्यक्ष पूर्ण लोक्सम, प्रदेश सचिव, विराटनगर महानगरका मेयर नागेश कोइराला, सुनसरी तथा मोरङका स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी लगाएर सरोकारवाला निकाय का प्रमुखका प्रतिनिधिको सह भागिता रहेको थियो ।

आर्थिक वर्ष(२०७९-८०)को बजेटमा सहरी नदी कोरिडोर कार्यक्रमअन्तरगत सङ्घीय तथाप्रदेश सरकारले बजेटको विनियोजन गरेपछि केशलिया कोरिडोर निर्माणको प्रक्रिया थालिएको हो । केशलिया मोरङको विराटनगर महानगर पालिका, बुढीगंगा गाउँपालिकातथा सुनसरीको दुहबीनगरपालिका, बर्जू गाउँपालिका सीमा क्षेत्र भएर बहने नदीहो ।

दुवै किनारमा कोरिडोर निर्माण गरी र बस्तीलाई संरक्षण गर्न पनि कोरिडोर आवश्यक रहेको तथाविपद्बाट नागरिकलाई सुरक्षित बनाउनका लागि व्युटिफिकेसन सहितको कोरिडोर निर्माणको कामदुई महिनाभित्रै तयार भएको हो । कोरिडोर निर्माणपछि नदीले निम्त्याउने विपद्बाट मुक्त हुनका साथै व्युटिफिकेसनले सो ठाउँको पर्यापर्यटनको विकासमा टेवापुग्ने छ ।

## मुद्दाका फरार प्रतिवादी पक्राउ

विराटनगर । लागु-औषध मुद्धाका फरार प्रतिबादी पक्राउ गरिएको छ । पक्राउ पर्नेमा मोरङ बेलबारी नगरपालिका वडा नं. ०४ काकुम बस्ने २६ बर्षीय निबेक श्रेष्ठ रहेको छ ।

उनलाई १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगर (रिट) बाट खटीएको प्रहरी टोलिले हिजो खोजतलास गर्ने क्रममा गाँउघरमा नै लुकिछिपी बसेको अबस्थामा फेला पारी पक्राउ गरिएको हो ।

पक्राउ परेका श्रेष्ठलाई सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गरेकोमा सम्मानित अदालतले कैद भुक्तानको लागी झुम्का कारागार सुनसरी पठाएको छ ।

फरार रहेका श्रेष्ठको लागु-औषध मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७८ भदौ १० गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १ बर्ष ९ महिना १ दिन कैद र एक लाख जरीवाना भई लगत नं. १२८८ मा कैद तथा जरीवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका थिए ।

मुक्त समाज...


### सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १






### गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिंगा र भुसुना भन्किन नदिऔं । खाने कुरा छोपेर राखौं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुल्ला रुपमा बेच्न राखिएको खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड








परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### खेलकुदलाई वेवास्ता नगरौं

*कुनै पनि देशलाई विश्व जगतमा छिटो भन्दा छिटो चिनाउने माध्यम खेलकुद प्रतियोगिता हो । स्वास्थ्य जीवनको लागि खेलकुद अति आवश्यक छ । खेलकुदले मानिसलाई स्वास्थ्य वनाउनुका साथै मर्यादित पनि वनाउँछ । देश भित्र खेलाईने खेलहरुलाई विश्व जगतमा चिनाउनका लागि वेला वखतमा स्थानीय स्तरको खेलकुद वेलावेलामा राष्ट्रिय खेलकुदमा छनौट भएका खेलाडीहरु अन्तराष्ट्रिय स्तरको खेलमा सहभागीता जनाउने गर्दछन् । ती खेलाडीले गर्दा देशको नाम विश्व जगतमा परिचित हुन्छ । विश्व जगतमा चिनाउनका लागि स्वदेशी खेलाडी आफ्नो ज्यानको वाजी लगाएर खेलमा सहभागीता जनाएका हुन्छ तर त्यो अनुसारको देशले खेलाडीलाई सम्मान दिएको हुँदैन । दिने सम्मान पनि चर्चा पाउनका लागि नेताहरुले घोषणा गर्दछन् तर खेलाडीलाई दिदैनन् । जुनकी राष्ट्रको लागि अति दुःखद कुरा हो ।*

*राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आउँदो असोज २८ गते देखि ३ गते सम्म गण्डकी प्रदेशको पोखरामा हुन गई रहेको छ । त्यस प्रतियोगितामा प्रदेश १ बाट ३६ बटै खेलमा सहभागीता जनाउने भएको छ । त्यसैगरी प्रदेश १ बाट अफिसियल टिम, कोच र व्यवस्थापक संख्या ८८ जनाको सहभागीता रहने भएको छन् भने खेलाडीका संख्या ६ सय ९४ रहने छन् । प्रदेश १ बाट सहभागीता जनाउने खेलाडीहरुको जिल्ला स्तर, प्रदेश स्तरको खेलाडी छनौट गर्न र राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागीता जनाउन सम्म करीब ९ करोड १२ लाख खर्च हुने भएको छ । प्रदेश सरकारसंग खेलकुद विकास वोर्ड प्रदेश नं. १ ले १० करोड मागेको थियो । प्रदेश सरकारले ५० लाख मात्र छुट्याएको छ । हातीको मुखमा जीरा भए जस्तै ५० लाखले के नै हुन्छ र ? खेलाडीहरुको मनोवल गिराउने काम प्रदेश सरकारले गरको छ ।*

*त्यसैले प्रदेश १ सरकारले खेलकुदमा लगानी कम गरेकै कारण पछाडी पर्ने त होइन भन्ने आंशका जन्मिएको छ । प्रदेश सरकारले यथा सिघ्र वजेटको व्यवस्था गरी खेलाडीहरुलाई हौसला प्रदान गरी प्रदेश खेलकुद विकास वोर्डले लिएको लक्ष्य खेलकुद प्रतियोगितामा प्रदेश १ लाई १ नम्मर वनाउने लक्ष्यलाई पुरा गर्न प्रदेश १ सरकारले पुर्ण रुपमा सहयोग गर्न आवश्यक छ । अन्यथा नाम मात्रको प्रदेश १ रहने पक्का छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# निर्वाचन प्रणालीमा विकृतिको विष

आगामी निर्वाचनमा जति कम पैसामा सम्पन्न हुन सक्यो त्यति नै यो राजनीतिक प्रणाली सफल हुने निश्चित छ।

नेपाल सरकारले संघीय र प्रदेशसभाको निर्वाचन एकै चरणमा हुने गरी मंसिर ४ गतेको मिति घोषणा गरेको छ। चुनावको मिति घोषणासँगै सो निर्वाचनमा कुन पार्टीले कसकसलाई उम्मेदवार बनाउँलान् भन्ने बहस सुरु हुन्छ। निर्वाचन घोषणालगत्तै टिकटका लागि नेताहरूको दौडधुप सुरु हुन्छ। चुनावमा लडाउने नेताको छनोटका विभिन्न मापदण्ड पनि निर्धारण हुन थाल्छ। पार्टीप्रतिको निष्ठा, समर्पण, राजनीतिक क्षमता, पार्टी र आन्दोलनमा नेतृत्वदायी भूमिका आदि मापदण्ड हुने नै भए। पछिल्ला निर्वाचनहरूमा नेपालका प्रमुख राजनीतिक पार्टीहरूले 'पैसा खर्च गर्न सक्ने उम्मेद्वार'को खोजी गर्न थालेको आभास मिल्छ।

हालै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले नेपालको निर्वाचन प्रणालीमा दोष रहेको र त्यसले नेपालको गणतन्त्र खतरामा रहेको बताए। आफूले भनेजस्तो नहुँदा गणतन्त्रमा खतरा देख्ने स्वभावका प्रचण्डले दिवंगत नेता नरबहादुर कर्माचार्यको स्मृति दिवसको अवसरमा सो कुरा बताए। उनको कथन थियो- 'गाउँपालिका को अध्यक्षले १० करोड खर्च गरेपछि संघीय र प्रदेशसभा सदस्यलाई त अर्बौं खर्च लाग्ने भयो।' उनले कुन गाउँपालिकाको अध्यक्षको उम्मेद्वारले १० करोड खर्च गरे, त्यो त खुलाएनन्। तर उनले यति आत्मविश्वासका साथ भनेको हिसाबले ती उम्मेद्वार माओवादी केन्द्रकै थिए भन्ने चाहिँ सहज अनुमान गर्न गाह्रो परेन। उनले भनेको सही हो भने एउटा गाउँपालिकाको निर्वाचनमा कसरी खर्च हुन्छ त ? के-के शीर्षकमा यो अकुत रकम खर्च हुन्छ ?

यो आम कुरा हो कि अपवादको कुरा हो ? के अब पैसा नहुनेले चुनावै लड्न सक्दैनन् ? यो आम कुरा हुन सक्दैन किनभने प्रचण्डकै निर्वाचन क्षेत्रको माढी नगरपालिकाकी नगर प्रमुख ताराकुमारी काजी महतोले त्यत्रो पैसा खर्च गर्ने विलकुल हैसियत राख्दिनन्। जनतासँग निकटतम सम्बन्ध राखेकी उनी ह्वार ह्वार्ती पैसा खर्च गर्ने आवश्यकता पनि ठान्दिनन् शायद। महतोजस्ते देशभरका निम्न र मध्यम वर्गीय परिवारका थुप्रै नेता कार्यकर्ताले पालिकाको प्रमुख र उप-प्रमुख विजयी बनेका छन्। यदि यो आमकुरा होइन, केही अकुत पैसावाल (त्यो पनि आफ्नै उद्यम, परिश्रम र पसिनाले आर्जेको होइन) ले टिकट खरिद र मतदाता खरिद गर्न खर्चेको पैसा हो भने यो सबैबाट दुरुत्साहन गरिनुपर्ने विषय हो। प्रचण्डलगायत नेताले आमप्रवृत्तिजस्तो गरी उछाल्ने विषय होइन।

निर्वाचनमा जनताले स्वतन्त्रतापूर्वक आफ्नो मत अभिव्यक्त गर्न सकुन् र जनअभिमतको खरिद-बिक्री हुन नपाओस् भनेर निर्वाचन आयोगले विशेष व्यवस्था गरेको छ। निर्वाचनमा हुन सक्ने अति खर्चको नियन्त्रण गर्न निर्वाचन आयोगले निकै कडा आचार संहिता जारी गरेको छ। मत प्रभावित पार्ने प्रयोजनले भोजभतेर गर्न नपाउँदा राजनीतिक दल वा उम्मेद्वार को निर्वाचन चिह्न अंकित ज्याकेट, कमिज, भेस्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, टयाटुजस्ता सांकेतिक सामग्रीको प्रयोग गर्न नपाउँदा, कुनै क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रमजस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्न, अनुदान वा आर्थिक सहायता, नगद चन्दा पुरस्कार दिने घोषणा गर्न नपाउँदा एउटा गाउँपालिकाको चुनाचमा १० करोड कसरी र कहाँ खर्च हुन्छ ? निर्वाचन आचार संहिता विपरीत त्यति धेरै खर्च गर्ने व्यक्तिको पहिचान गरी कानुनी कार्बाही गर्नुपर्ने होइन र ?

निर्वाचन आयोगले स्थानीय तहका उम्मेद्वारका लागि जस्तै संघीय र प्रदेशसभा निर्वाचनका उम्मेद्वारलाई पनि खर्च सीमा निर्धारण गर्ला नै। निर्वाचन आयोगले मतदाता नामावली खरिद, सवारी साधन, सवारी इन्धन, प्रचार सामग्री, ढुवानी, कार्यकर्ता परिचालन, गोष्ठी, विद्युतीय माध्यमद्वारा प्रचार, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालनलगायत विभिन्न विषयमा मात्र खर्च गर्न सकिने नीति तथा आचारसंहिता निर्माण गर्ने गरेको छ। नेपालका सबै प्रमुख पार्टी आन्दोलन वा जनयुद्धबाट संगठित हुँदै शक्तिशाली बनेका हुन्। नेकपा (एमाले), नेपाली कांग्रेस र माओवादी केन्द्रको आआफ्नै इतिहास र पृष्ठभूमि छ। सत्ताको साधन र स्रोतबाट बञ्चित, जातीय, वर्गीय, लिंगीय र क्षेत्रीय हिसाबले पीडित जनसमुदायको सबैभन्दा बढी संगठित गरेर यी पार्टी आजको आकारमा आइपुगेका हुन्।

भूमिगत राजनीतिक आन्दोलन वा जनयुद्धमा लाग्ने व्यक्तिहरूले स्वभावैले घर परिवार, पेसा, परम्परागत व्यवसाय त्यागेर हिँड्नु पर्थ्यो। देशको मुक्ति भएमा आफ्नोसमेत मुक्ति हुने अभिप्रायले जनयुद्धमा होमिएको यो ठूलो युवा जमातमध्ये कतिले ज्यान गुमाए त कतिले जीवनभर निको नहुने अपांगता प्राप्त गरे। पारिवारिक बेमेल, नयाँ स्थानमा आफ्नो भविष्य निर्माण गर्नुपर्ने अवस्था, शिक्षाको अभावमा रोजगारी र अन्य अवसरको अप्राप्यता आदि समस्याबाट कतिपय जोदाहाहरू अहिलेसम्म मुक्त हुन सकेका छैनन्। त्यति मात्र होइन, आन्दोलनमा लाग्नु परेका कारणले उनीहरूले आफूसंग भएको श्रीसम्पत्ति गुमाउनुपर्ने अवस्था आयो, कमाउने कुरा परै जाओस्।

पुँजीवादी चुनावको सामना गर्नुपर्ने परिस्थितिसँग आफ्नो सम्पूर्ण ऊर्जाशील जीवन आन्दोलन, जेल नेल र संघर्षमा मात्र बिताएका नेतालाई सहज थिएन र छैन। जनआन्दोलन, जनयुद्ध र हजारौं शोषित, पीडित जनताको रगत, पसिना र बलिदानबाट गणतन्त्र प्राप्त भयो। त्यही गणतन्त्रको माध्यमद्वारा पार्टीका कैयौं नेता राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र अन्य कैयौं पदमा पदासीन हुन पुगे। 'खोलो तर्‍यो, लौरो बिर्स्यो' भनेझैं आज ती नेता निर्वाचनको लागि अयोग्य र भुइँफुट्टा पैसावालहरू योग्य भन्ने भाष्य आज स्थापित गर्न खोजिँदैछ।

जनआन्दोलन र जनयुद्धको भुंग्रोबाट आएको नेता संसदीय निर्वाचन वा अरू निर्वाचनमा टिकट माग्न गयो भने 'हुन त तपाई पुरानो, जनयुद्ध लडेको मान्छे हो तर तपाईंसँग पैसा छैन कसरी चुनाव लड्नु हुन्छ ?' भन्ने जवाफ पाउँछ। यस्तो लाग्छ, अकुत पैसा खर्च नगरी अबको निर्वाचन लड्न सकिँदैन भन्ने सोचले टिकट खल्तीमा बोकेर बसेका नेताको मगज भरिन लागेको छ। परिवर्तनको फल आधारभूत वर्गमा पुर्‍याउन ठूल्ला नीतिगत, संरचनागत र संस्कारगत परिवर्तन नगरी यस किसिमको गलत सोच र प्रणालीलाई हटाउन सकिँदैन। संसदीय व्यवस्थासहितको संविधान बनेर कार्यान्वयन भइरहँदा देशका ठूला राजनीतिक पार्टीहरू आफैले बनाएका ऐन, नीति, नियम तथा आचारसंहिता मान्न तयार छैनन्।

देशका शीर्षनेतालाई ऐन, नियम, कानुन, निर्वाचन आचारसंहिताको मतलव छैन, आफू जसरी पनि जित्नु परेको छ, प्रधानमन्त्री मन्त्री बन्नु परेको छ। आफ्नो निर्वाचन क्षेत्रमा करोडौं रुपैयाँ ओछ्याएर पनि नजिती भएको छैन। देशको आमनिर्वाचनमा पार्टीको घोषणा-पत्र र उम्मेद्वारको इमान्दारी, निष्ठा र योग्यताको प्रतिस्पर्धा हुनुपर्नेमा विस्तारै पैसाको प्रतिस्पर्धा हुने अवस्था टड्कारो रुपमा मुखरित हुँदैछ। नेताहरू स्रोत र साधनवाला केही मुट्ठीभर मानिसको घेराबन्दीमा पर्दै गएको र राजनीतिक अवसरको वितरणमा अपारदर्शिता, अन्याय र अनियमितता भएको आरोप नेतृत्वमाथि लाग्न थालेको छ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# भारतीय सिमावर्ति क्षेत्रमा लामो दुरीको गस्ती संचालन

बिराटनगर । सिमावर्ती क्षेत्रबाट हुने चोरी तस्करी र अपराधजन्य गतिबिधीहरुको रोकथाम तथा नियन्त्रणका लागी १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरले तराईका सिमावर्ती क्षेत्रमा लामो दुरीको गस्ति संचालन गरेको छ ।

खुल्ला सीमा नाकाको फाइदा उठाउँदै हुने चोरी, तस्करी र अपराध रोकथाम तथा नियन्त्रणको लागि भारतसँग सीमा जोडीएको प्रदेश १ को तीन जिल्लाको सीमावर्ती क्षेत्रमा छुट्टै प्रहरी परिचालन गरी गस्ती सुरू गरिएको हो ।

पहिलो चरणमा श्रावण २० गते देखी २५ गते सम्म छुट्टाछुट्टै टोली बनाई सिमावर्ती क्षेत्रमा परिचालन गरिएको थियो । यस अघी सम्बन्धित प्रहरी कार्यालयहरुले आ-आफ्नो एरियामा गस्ती गर्दे आएता पनी त्यसलाई थप ब्यबस्थित गर्दै सुरक्षाकर्मी बढाएर सिमावर्ती क्षेत्रमा गस्ति बढाईएको हो ।

त्यस किसिमको गस्तिले मातहत प्रहरी कार्यालयबाट सिमावर्ती क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरुलाई थप हौशला प्रदान हुने र अपराधजन्य गतिबिधीलाई नियन्त्रण गर्न थप टेवा पुग्ने लक्ष्य अनुसार प्रदेश प्रहरी कार्यालय बिराटनगरले गस्ति संचालन गरेको हो ।

यस किसिमका गस्ति निरन्तर संचालन भईरहने छन् भने लामो दुरीको गस्तिबाट फिर्ता भएको प्रहरी टोलीको प्रतिबेदनको आधारमा अन्य थप कार्यहरु संचालन हुनेछन् ।

# मगही भाषामे भाय-बहिनके पर्व रक्षा बन्धनके इतिहास आर महत्व

विश्वके सबसे पुरानका धर्म हिन्दु धर्म के मानल जाय है । हिन्दु धर्म मानयवाला जात जाति सव अपन-अपन रितिरिवाज के अनुसार धार्मिक आर साँस्कृतिक पर्वसव मनाव हैय । ओकरे मे से रक्षा बन्धन आर जनै पूर्णिमा हिन्दु धर्मालम्बी सब धुमधामके साथ मनाव हैय । रक्षाबन्धनके दिन विहाने नदी, कुवा, पोखरीमे जाक गायके गोवर आर माइट लगवाके स्नान कैरके जौ, तिल, कुशके माध्यम से ऋृषितर्पणी कैरके वैदिक विधीपूर्वक मन्त्र पैढके नयाँ जनय लगावैके चलह है वहे से एकरा जनय पूर्णिमा सेहो कहल जाय है ।

हिन्दु धर्म दर्शनके अनुसार ब्रह्मासूत्र अर्थात ज्ञानके धागा से हो कहल जाय है । जनय के दुई छोर मध्ये एकटा शिखामे रहेके तीन डोराके ब्रह्मा, विष्णु आर महेश्वर मानलजाय है । और दोसर शिखा धागाके कर्म, उपासना आर ज्ञान मानल जाय है । सतयुगमे दानव से भगाय गेल देवगणके गुरु वृहस्पति रक्षा विधान तयार कैरके बचाक वामन अवतार विष्णुके राजा बली डोरी बाँधके बचनबद्ध कैरके तीनो लोक लियैके धार्मिक किवदन्ती से सोहो रक्षा बन्धन से जोडल हैय । वहिना वहे दिन देहके शुद्धी कैरके देवता, सप्तऋृषिप, कश्यप, अत्रि, भारद्धाज, गौतम, जमदग्नि,वशिष्ठ र विश्वामित्र) आर पितृ सबके नाममे तिल, कुश सहिते तर्पण करैके कारण यी पर्वके ऋृषितर्पणीके नाम से सेहो चिनल जाय है । ज्ञान आर सफल जीवन मार्गके शिक्षा, दिक्षा करैवाला ऋृषि सवके सम्मानमे ऋृषि तर्पणी कैरके अभिमन्त्रित जनय धारण कैरके धार्मिक आर पवित्र कार्य सम्पदान करै हैय । स्वाध्याय, अतिथि, सत्कार, पितृ तर्पण, भूतवबली, होम जयसन दैनिक करैवाल पञ्च महायज्ञ कर्मके स्मरण करैवाला दिनके रुपममे भी ताकाधारी सव यी पर्व मनावै हैय ।

सत्ययुगमे दानव से भगायल गेल देवगणके गुरु वृहस्पति रक्षा विधान तयार कैरके जेले अत्यन्त बलशाली दावराजा बलि बाधलक, वहे लक हम तोरा बान्भौउ, ओकरा से तू सुरक्षित बन, विचलित नहोउ कहिके घागा से बैनक जोगायलक, पौराणिक कालके कथासे चलल रक्षाबन्धनके परम्परा आय भी प्रचलित हैय । जनयमे प्रयोग्त होयवाला धागाग्रनथ आर शिक्षा से ज्ञान आर जीवन के बारेमे सही मार्गमे लैजायके लेल सहयोग करैहैय । यी कर्म करैवाला व्यक्ति, देव ऋृण, ऋृषि ऋृण आर पितृ ऋृणसे मुक्त होवैके धार्मिक विश्वास हैय । जनय पूर्णिमाके दिन हातमे बाँधल रक्षा बन्धन दिपावलीमे गाय पुजाके दिन गायके नगडीमे वानलासे मृत्युके वाद वैतरणी नदी पार हुवैके जनविश्वास हैय ।

रक्षा बन्धन हिन्दू धर्मावलम्बी सब मनावैवाल एकटा पवित्र पर्व हैय । रक्षाबन्धन शब्दमे दुई शब्द जोडल हैय । रक्षाबन्धन श्रावण शुक्ल पूर्णिमाके दिन मनावल जाय है । जनय लगावैवाला रक्षा वन्धनके दिन पुरान जनय फेकके नयाँ जनय लगावै हैय । रक्षावन्धनके दिन वरिष भैर लगवैवाला जनय मन्त्र पैढके राखल जाय हैय । वहे दिन नेपालके व्राह्मण स्नान कैरके पूजा पाठ कैरके पवित्र धागाके रक्षा मानल जाय हैय । ब्राह्मण सव घर घर जाक टिका लगाके दक्षिण सेहो लय हैय ।

नेपालके तराई मधेश क्षेत्रमे बसल मधेशी समुदायके लोग सब रक्षा बन्धनके भाय बहिनके आपसी माया ममताके पर्वके रुपमे लिहल जाय हैय । बहिन सव आपन भाय आर मित भाय सवके दीर्घायु आर सफलताके कामना करैत दाहिन हातमे राखी बैधके अपन रक्षाके बचन लेवक सेहो चलन हैय ।

रक्षा बन्धन पवनी भारत आर नेपालके तरार्य मधेशमे हर्सोउल्लाके साथ दिदी बहीन आर भाय सब मिलके मनाव हैय । रक्षाबन्धनके दिन बहिन अपन भायके हातमे धागा वाँइधके टिका लगाके मिठाई खुवाव हैय । भायसव बहिनके रुपियाँ, कपडा, गरगहा लगायतके उपहार देत हैय आर बहिनके रक्षा करैके बचन सेहो दैय हैय । तराई मधेशमे रक्षा वन्धन उत्साह पूर्वक बहिन अपन भायके हातमे राखी बाइधके मनावल चाय है । साउन पूर्णिमाके दिन विहाने स्नान कैरके बहिन पूजाके थालमे राखीके साथ दिप, चन्दन, मिठाई, धुप लक भगवानके मनन कैरके भायके माथामे टिका लगाके दहिना हातमे राखी बाइधके मिठाई खुवाव हैय आर दिर्घायुके कामना करैय हैय । भाय सव रक्षाके प्रतिवद्धता करैत उपहार दैयके चलन आर मन्यता हैय ।

एक पौराणिक कथाके अनुसार देवराज इनद्र आर दैत्य राज वृत मध्य १२ वर्ष तक भयकर यूद्ध चलन रहल रहै । उ यूद्धमे असुरसव देवता उपर विजय प्राप्त करले रहल रहैय । पराजित देवगण धर्म आर संस्कार विहीन भके जीवन यापन करै लगाल । गौरव विहीन जीवन देखके देवराज इन्द्र बाँचल से मरले भला समैभके असुरसबसे अन्तिम लडाई लडके संकल्प करलक । उ दिन श्रावण शुक्ल चतुर्दके रहल । अत देवगुरु वृहस्पति एक दिन पहिले इन्द्रके कल्याण आर विजय कामना कैरके रक्षा विधान श्रावण मासके पूर्णिमाके शुभमुहुर्तमा इन्द्रके रक्षा बन्धन बाइधके मन्त्र जपलक । ओकर वाद इन्द्राणी इन्द्रके दाहिना हातमे रक्षासूत्र बाधलक । रक्षा सुत्र बाधलाके कारण देवराज इन्द्र विजय पाउलक । वास्तवमे पवित्रताके रक्षा सुत्र बाइधके आसुरी वृतिमे विजय प्राप्त करैकेलेल अपन धर्म पत्नी से सेहो रक्षा सुत्र अवश्य वाधवाक चाहि ।

एक दोसर कथाके अनुरा जब यमदुत अपन बहिन यमुना से राखी बनावैके समयमे कहलक जे यी पवित्राके राखी वाधत उ यमदुतके सजाय से मुक्त भ जय तैय । रक्षा बन्धन एक धार्मिक उत्सव सेहो हैय । जेकर सम्वन्ध जीवनमे श्रेष्ठता आर निर्विकारित संगे सेहो हैय । रक्षा वन्धनके विषतोडक पर्व सेहो कहल जाय हैय ।

एखिनका समयमे हरेक व्यक्ति सांसारिक बन्धन से छुटकारा पावके चाह हैय इशवरीय बन्धनमे वाधैल चाह हैय कैलाकी ईश्वरीय बन्धतन काल्पनिक आर सुखदायी वन्धन हैय । रक्षाबन्धन एकरे प्रतिक हैय अपन सुरक्षाके लेल भि पवित्रताके वन्धनमे वाधैक जरुरी हैय ।

रक्षावन्धन मर्यादा आर आत्मा निग्रहसे मृत्यु उपर विजय प्राप्त करैवाला पर्व है । रक्षासूत्रके वन्धन आर टिका रक्षा वन्धन के प्रमुख विधान हैय । सूत्र आत्माके मर्यादा आर संयमके प्रतिक, टिका आत्म स्वरुप स्थितिमे स्थित हुवैके प्रतिक हैय । सूत्र कोनो बस्तुके अविच्छिन करै वाला बस्तु हैय । सुनियोनित आर सुव्यवस्थित बस्तु एक सूत्रमे ग्रन्थी मानल जाय हैय । रक्षा बन्धनके सही अर्थ अपन आत्मा स्थितिमे अचल, अडोल भक पवित्रताके पालन कैरके पवित्रासे मृत्यु उपर विजय प्राप्त करला जाय हैय ।






## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरू) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं । स्थानीय निकायलाई अभिलेख दुरूस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १




## एकचालिस ग्राम लागूऔषध ब्राउन सुगर सहित ४ पक्राउ



सुनसरी । सुनसरीबाट लागुऔषध ब्राउन सुगरको कारोबारमा संलग्न ४ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा ईटहरी उपमहनगरपालिका ४ बस्ने २७ नर्षीया सृजना ओझा, सोही स्थानका २८ बर्षीय सुशान्त घिमिरे, धनकुटा शहिद भुमी गाँउपालिका ५ घर भई हाल इटहरी उपमहानगरपालिका ५ मादेन मार्ग टोलमा डेरा गरी वस्ने ३४ बर्षीय विर्त सिंह राई र उनको श्रीमती ३५ बर्षीया पवित्रा राई रहेका छन् ।

गत २० गते बेलुका ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ब्राउन सुगरको कारोबार भईरहेको भन्ने सुचनाको आधारमा ईटहरी उपमहानगरपालिका ६ स्थित भाटे एण्ड खाजा घरबाट ब्राउन सुगर १ ग्राम १५० मिलि ग्राम ७ हजार नगद सहित सृजना ओझा र सुशान्त घिमिरेलाई सोमवार पक्राउ गरिएको थियो ।

पक्राउ परेका उनिहरुबाट ब्राउन सुगर बिर्त सिंह राई र उनिकी श्रीमती पबिता राईबाट खरिद गरिएको भन्ने कुरा अनुसन्धानबाट खुले सगै प्रहरी टोलीले बिर्त सिंह राईलाई ईटहरी उपमहानगरपिका ५ स्थितमा फेला पारी शरिर तलासी लिंदा ब्राउन सुगर ६ ग्राम ७६० मिलग्राम फेला परिएको थियो ।

थप ब्राउन सुगर ३३ ग्राम ९० मिलग्राम राई दम्पतीको डेरामा खानतलासी लिदा करुवा भित्र लुकाई राखेको अबस्थामा फेला पारिएको थियो भने डिजिटल तराजु र २७ हजार ३ सय नगद समेत बरामद भएको थियो ।

लागुऔषध कारोबारमा समंलग्न रहेका चारै जना उपर ईलाका प्रहरी कार्यालय ईटहरीबाट सम्मानित सुनसरी जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेको छ ।

## श्वासनलीका संक्रमण के हो र कसरी जोगिने ?

श्वासनलीको संक्रमण भनेको के हो ?

नाक, मुख, घाँटी वा फोक्सोमा हुने कुनैपनि किसिमको संक्रमणलाई श्वासप्रश्वास नलीको संक्रमण भनिन्छ। साधारणतया यस्तो संक्रमण जीवाणुको कारणले हुन्छ तर वीषाणुको कारणले पनि हुन सक्छ ।

गम्भीर खालको चोट लागेमा वा टाउकोमा चोटपटक लागेको बिरामी लामो समयसम्म ओछ्यानमा पल्टिरहनु पर्ने भएमा उसको फोक्सोको चाल र गतिमा कमी आउँछ। जसले गर्दा फोक्सोभित्रबाट निस्किने खकारलाई बिरामीले खोकेर बाहिर निकाल्न सक्दैन। यसरी फोक्सोभित्र जमेको खकारले संक्रमण गराउने र संक्रमणलाई झन् खराब बनाई जटिल बनाउँछ ।

घाँटी र फोक्सोमा संक्रमण हुने कारण

पिनास हुने (साइनसिटिस)

घाँटीको संक्रमण(फाराइन जाइटिस)

स्वरनलीमा संक्रमण (लारा इनजाइटिस)

कानको मध्य भागमा संक्रमण (ओटोटिश मिडिया )

विषाणुबाट पनि श्वास प्रश्वास नलीमा गम्भीर संक्रमण हुनसक्छ जस्तै निमोनिया साथै नाक, मुख र घाँटीमा संक्रमित साधनहरु जस्तै रुमाल, मास्क, ओछ्यान, सिरक, आदि प्रयोग गरेमा वा प्रदुषित हावामा बिरामीले श्वासप्रश्वास लिएमा श्वासप्रश्वास नलीमा संक्रमण हुने गर्दछ ।

संक्रमणका लक्षणहरु

बिरामीलाई उच्च ज्वरो ( ९९-१०३ डिग्री) आउँछ र धेरै पसिना आउँछ ।

बिरामीलाई श्वास फेर्न गाह्रो हुन्छ र छिटोछिटो श्वास फेर्छ ।

श्वास फेर्दा असाधारण आवाज आउँछ (जस्तै सुसेलेको आवाज वा सुईंसुईं आवाज आउँछ) ।

खोकाइ फोक्सोभित्र खकार धेरै जमेको कारणले खोकी धेरै चर्को लाग्छ तर बिरामीको कमजोरी र खकार बाक्लो गाढा हुने भएकोले बिरामीले खोकेर खकार बाहिर निकाल्न असमर्थ हुन्छ ।

पहेँलो रङ्ग वा रगत मिसिएको बाक्लो खकार धेरै मात्रामा पोक्सोमा जमेको हुन्छ ।

बिरामीको पूरा शरीरमा पीडा हुन्छ र दैनिक गर्नुपर्ने कामकाज गर्दा पनि थकाइ लाग्छ ।

संक्रमणबाट जोगिन के गर्ने ?

घर वरपरको वातावरण स्वाच्छ राख्ने जस्तै धुलो, धुवाँ मुक्त राख्ने ।

घरेलु पाल्तु जनावरबाट बिरामीलाई टाढा राख्ने ।

बिरामीको वरपर भीडभाड हुन नदिने र भेट्न आउने आगन्तुकहरुलाई नियन्त्रण गर्ने ।

जलवियोजन हुन नदिन बिरामीलाई तातो झोलिलो पदार्थ जस्तै पानी जुस र सुप प्रशस्त पिउन दिने। किनकि ज्वरो र पसिना आउनाले शरीरबाट झोलिलो पदार्थ धेरै खेर गएको हुन्छ ।

बिरामीलाई न्यानो बनाई राख्ने। चिसोबाट बचाउने ।

बिरामीलाई राम्ररी हावा चल्ने कोठामा राख्ने ।

बिरामीलाई सुताएर ओछ्यानमा आराम गराउने बेलामा शरिरको पछाडीपट्टि तकिया राखेर बिरामीलाई सिधा आसनमा सुताउने ।

संक्रमण फैलनबाट रोक्नका लागी बिरामीको उपचार र हेरचाह अघि र पछि साबुन र पानीले राम्ररी हात धुने ।

श्वासप्रश्वास नलीमा संक्रमण भएका बिरामीको हेरचार गर्ने व्यक्तिले बिरामीको हेरचाह गर्ने बेलामा र बिरामीसँग बस्ने बेलामा मुख छोप्ने मास्क लागाउने ।

ध्यान दिनुपर्ने कुराहरु

बिरामीले लगाएको मुख छोप्ने माक्स कम्तिमा दुई दिनमा एकपटक धुनुपर्छ ।

बिरामीले प्रयोग गर्ने श्वासप्रश्वासका साधानहरु जस्तै अक्सिजन माक्स, श्वास फेर्ने मेशिन स्पाइरोमिटरको एन्टि सेप्टिक झोलले सफा गर्ने सो नपाएमा साबुनपानीले सफा गर्ने ।

प्रोटिनयुक्त पोषिलो खानेकुरा खाने जस्तै मासु, माछा, अण्डा र दूधजन्य पदार्थ, गेडागुडी र रेसायसक्त तरकारीहरु खुवाउने गर्नुपर्छ ।

यदि बिरामी आफैं वा हेरचार गर्ने व्यक्तिको सहायतामा बस्न सक्छ भने श्वास प्रश्वास र फोक्सोको चालमा मद्दत पुऱ्याउने अन्य आसन वा तरिका पनि अपनाउन सकिन्छ। फिजियो थेरापिष्ट वा नर्सले श्वास प्रश्वाससँग सम्बन्धित व्यायामहरु सिकाउनेछ ।

श्वासप्रश्वासको व्यायामले फोक्सोलाई फैलाउन मद्दत पुऱ्याउँछ। श्वासप्रश्वास गतिमा सुधार ल्याउँछ फोक्सोमा जमेको खकारमा हलचल पैदा गरी निकाल्न सजिलो बनाउँछ ।

पेटमा हातले हलुका थिच्दा फोक्सोमा हावा भरिएको महसुस गर्न मद्दत पुयाउँछ ।

नाकबाट फोक्सोभित्र हावा तान्ने र मुखबाट हावा छोड्ने ।

खोक्ने अभ्यास गर्नु भन्दा १० मिनेट अगाडि बिरामीलाई तातोपानी बाफ लिन लागाउनुपर्छ। यसले फोक्सो र श्वासप्रश्वास नलीमा भएका नरम बनाई निकाल्न मद्दत गर्छ ।

श्वासप्रश्वास नलीको संक्रमण भएको बिरामीले भित्रैदेखि बिस्तारै गहिरो सास तान्ने र छोड्ने पक्रिया प्रसस्त मात्रामा नगरेमा उसको फोक्से झन कमजोर हुन जान्छ। तर बिरामी कमजोर छ, भित्रैदेखि गहिरो सास तान्न छोड्न वा फेर्न नसक्ने अवस्थाको भएमा सास फेर्ने मेसिन स्पाइरोमिटरको प्रयोबाट श्वासप्रश्वास गराउन सकिन्छ। यसले फोक्सोलाई स्वास्थ्य बनाई राख्न मद्दत पुऱ्याउँछ। यस मेसिनबाट बिस्तारै सास तान्ने छोड्ने तरिका पनि सिक्न सकिन्छ ।

सास फेर्ने मेशिन स्पाइरो मिटरको प्रयोग गरी प्रत्येक १देखि२ घन्टामा १०,१५ पटक सास फेर्ने गर्नुपर्छ । वा जिजियोथेरापिष्टको निर्देशनअनुसार राख्न र निको हुन सक्रिय हुनुपर्छ । स्रोतः राष्ट्रिय स्वास्थ्य, सूचना तथा संचार केन्द्र

हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर



# प्रहरीको वार्षिक कार्य सम्पादन सम्झौतामा हस्ताक्षर



बिराटनगर ।१ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक-सुदिप गिरीले नेपाल प्रहरीको बार्षिक कार्य सम्पादन सम्झौतामा हस्ताक्षर गर्नु भएको छ ।

संगठन प्रमुख प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र सातवटै प्रदेशका प्रहरी प्रमुखहरु बिच भर्चुअल माध्यमद्धारा बुधवार भएको एक बिशेष कार्यक्रमका बिच प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक-सुदिप गिरीले नेपाल प्रहरीको बार्षिक कार्य सम्पादन सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको थियो ।

कार्य सम्पादन सम्झौता पत्रमा हस्ताक्षर पश्चात प्रदेश प्रहरी प्रमुखहरुलाई निर्देशन दिनुहुँदै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले योजना बद्ध गरिएका कामले मात्र राम्रो नतिजा दिने हुँदा बार्षिक कार्य योजनामा समाबेश गरिएका बिबिध पक्षहरुलाई अध्ययन मनन गरी कार्य गर्न निर्देशन दिनु भएको थियो ।

शान्ति सुरक्षाको प्रभाव कारी व्यवस्थापन, प्रभावकारी अपराध अनुसन्धान तथा प्रविधियुक्त अनुसन्धान प्रणालीको विकास, सवारी दुर्घटना न्युनिकरणका लागी ट्राफिक व्यवस्थापन थप प्रभावकारी बनाउने, नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरण, मानव अधिकार संरक्षण र सम्वर्द्धन, बिपद व्यवस्थापनमा नेपाल प्रहरीको क्षमता अभिबृद्धी, सुरक्षा तथा अन्य सरोकारवाला निकायहरु सँगको समन्वय र सहकार्यमा प्रभाबकारीता, तस्करी नियन्त्रण आदी जस्ता बार्षिक कार्य सम्पादनको लक्ष्य रहेको छ ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति ळिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकिहरूळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।



धनपालथान गाउँपालिकाको
कार्यालय, कर्सिया
मोरंग, प्रदेश १




क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

# संगठन विस्तार र कमिटी निर्माको काममा केन्द्रित

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी) १ नम्बर प्रदेश कमिटी आगामी भदौ महिना संगठन विस्तार र कमिटी निर्माणको काममा केन्द्रित हुने भएको छ । प्रदेश नं. १ कमिटीको शुक्रवार बसेको सचिवालय बैठकले भदौमा प्रदेशका सबै वडा तहमा कमिटीहरू गठन गरिसक्ने निर्णय गरेको छ ।



सचिवालय बैठकमा प्रदेश नं. १ पार्टीका १४ वटै जिल्ला कमिटी अध्यक्षहरूले जिल्लाको समग्र अवस्थाको रिपोर्टिङ गरेको प्रदेश कमिटीका सचिव महेश रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार, बैठकमा प्रदेश सरकार र मन्त्रीहरूसँग सम्बन्धित विषयमा पनि रिपोर्टिङ भएको छ । बैठकले सदस्यता नवीकरण, विस्तार लगायत सबै प्रकारको अभिलेखीकरणको कामलाई भदौ महिनाभरि सम्पन्न गरिसक्ने निर्णय गरेको छ ।

पार्टी प्रदेश कमिटी अध्यक्ष बलदेव चौधरीको अध्यक्षतामा बसेको बैठकमा पार्टी उपाध्यक्ष तथा प्रदेश नं. १ इञ्चार्ज घनेन्द्र बस्नेत, पार्टीका सचिव तथा सह-इञ्चार्ज एवं प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईसहित प्रदेशका मन्त्रीहरूको उपस्थिति रहेको थियो । शनिबार जनसंगठनका प्रमुखहरूसहितको बैठक बसी थप कार्ययोजना बनाउने सचिव रेग्मीले जानकारी गराउनु भएको थियो ।

# निर्वाचन...

अमेरिकी लेखक ज्याफ्री स्याकको पुस्तक 'द प्राइस अफ सिभिलाइजेसन'मा उल्लेख भएझैं देशको शासन व्यवस्थालाई सामूहिक समूह 'कर्पोरेटोक्रेसी'ले सञ्चालन गरेको हुन्छ। नेपाल त्यसको अपवाद हुन सक्दैन। जुनसुकै पार्टी सत्तामा आए पनि त्यही समूह हाबी हुने र जनलक्षित कार्यक्रमको फाइदासमेत त्यही समूहले लिने विडम्बनापूर्ण स्थिति कायम छ। यसले पार्टी नेतृत्वलाई जनताबाट अलग-थलग बनाइदिन्छ, अपसृत बनाइदिन्छ। कुनै आन्दोलन सफल पार्न जनताको घरदैलोमा पुग्ने पार्टी नेतृत्व सत्तामा पुगेपछि जनताको झुपडीतिर नफर्कने तीतो यथार्थको पुनरावृत्ति भइरहेको छ। जनआन्दोलन, जनयुद्ध र सामाजिक परिवर्तनका अन्य आन्दोलनमा लाग्ने जनताको डोकाको न डालाको स्थिति कायम छ। केही अपवादबाहेक स्थिर र शक्तिशाली कहलाइएका सरकारले पनि जनताको झुपडीको हेक्का नराख्दा समृद्धिको नारा पनि सिंहदरबार वरिपरि मात्र सीमित छन्। सर्वसाधारण जनताका लागि त्यो 'आकाशको फल आँखा तरी मर' सिवाय केही भएको छैन। पार्टीका केही टाठाबाठा र सम्पत्तिवालले सत्तारूढ हुन सक्ने सबै पार्टीको सदस्यता सिरानीमा राखेका छन्। त्यसैलाई भजाएर रातारात मालामाल हुने नोकरशाहहरूबाट देशका मुख्य राजनीतिक पार्टीहरू बाहिर आउन निकै मेहनत गर्नुपर्ने आवश्यकता छ ।

राज्यका स्रोत र साधनको न्यायोचित वितरण नहुने र निमुखाको निवेदन सिंहदरबारमा छिर्नै नसक्ने परिपाटीको अन्त्य नभएसम्म समाजवाद, लोकतन्त्र जे भनिए पनि त्यसको खासै अर्थ रहँदैन। अहिलेको निर्वाचन प्रणालीले गरिबलाई चुनाव लड्न दिँदैन भन्नुको सट्टा उनीहरूलाई पनि सहज रूपमा चुनाव लड्न सक्ने तारतम्य मिलाउनु राज्यको बागडोर समाल्नेहरूको काम हो। २०६२/६३ सालको जनआन्दोलनको सफलता पश्चात राज्यका विभिन्न अंगमा जातीय, क्षेत्रीय र लिंगीय समावेशीकरणको सुरुआत भएको छ। तर पनि विकराल वर्गीय विभेदीकरणको अन्त्य नगरी देशमा विद्यमान विकराल वर्गीय उत्पीडनलाई सम्बोधन गर्न सकिँदैन। देशभरका विपन्न जनताको सही तथ्यांक संकलन गरी राज्यको नीतिनिर्माण तहमा उनीहरूको यथोचित प्रतिनिधित्व गराउन सक्नुपर्छ। यसो हुन सके सामाजिक न्याय र समानता तर्फको यात्रा वास्तविक अर्थमा सुरु भएको ठहरिनेछ ।

प्रजातन्त्र र गणतन्त्रका योद्धाहरू घर न घाटको भएर सडकमा भौतारिनु पर्ने र समाजका नवधनाढ्य र सुविधाभोगी वर्गले सधैं शासन सत्तामा ढलिमली गरिरहने परिस्थिति कायम रहेमा अपेक्षित आर्थिक समृद्धि प्राप्त गर्न सकिँदैन। अहिले किसान, मजदुर, विद्यार्थी, सैनिक जवान, प्रहरी, वकिल, पत्रकार, शिक्षक, प्राध्यापकलगायत कोही पनि देशको अवस्थासँग सन्तुष्ट भेटिँदैनन्। हुँदाहुँदा सत्तारूढ दलका शीर्ष नेताहरू, मन्त्रीहरू, नेताहरू, सांसद, उद्योगीहरूसमेत देश विकासको रेखा पत्ता लगाउन नसकेको अवस्थामा देखिन्छन्। चुनाव लड्न नेतालाई अकुत पैसा चाहिएको कारण भ्रष्टाचारको जालो सबैतिर फैलिएको छ। तर त्यसको दोष हरेकले आफूबाहेक अरुमा थोपर्ने आम परिपाटी कायम छ ।

यस्तो अवस्थाको अन्त्य गर्न सबैभन्दा पहिले खेतबारीमा राँटैराँटा पारेर जोत्ने र ज्याला बढी माग्ने अल्छी हलीको जस्तो आमकार्यशैलीमा व्यापक सुधार गर्नु जरुरी छ। यसरी संघीय लोकतान्त्रिक गणतन्त्रको अपनत्व सम्पूर्ण जनतामा विस्तार गर्न आवश्यक छ। दिगो समृद्धिका लागि दीर्घकालीन नीति निर्माण, व्याप्त बेथितिको अन्त्य, भ्रष्टाचारमा शून्य सहनशीलता, चुस्त प्रशासन, प्रभावकारी अनुगमनको व्यवस्था, पद्धतिकेन्द्रित विकासको अविलम्ब थालनी हुनु अपरिहार्य छ। तर यी यावत् क्षेत्रमा नेता नमुना र अनुशरणीय हुनुपर्नेमा त्यो नेपालमा पटक्कै हुन नसकेको विषय हो ।

आफू संविधान, ऐन-कानुन, राज्यका निकायले सबै पार्टीको सहमतिमा बनेका आचार संहिताको निरन्तर उल्लंघन गर्दै जाने अनि दोष प्रणालीलाई थोपर्न कसरी मिल्छ ? आगामी निर्वाचनमा प्रचण्डलगायत सबै शीर्ष नेताले आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्नुपर्छ। निर्वाचन आयोगले तोकेको खर्चको सीमाभित्र रहने अभ्यास सुरु गर्ने र आफ्ना पार्टीका सबै नेता कार्यकर्तालाई त्यही लक्ष्मणरेखा भित्र राख्ने हो भने यो निर्वाचन प्रणाली कसरी खर्चिलो हुन्छ ?

आगामी निर्वाचनमा जति कम पैसामा सम्पन्न हुन सक्यो, जति चुनावी तडकभडक कम हुन सक्यो त्यति नै नेपाली जनताले स्थापित गरेको नयाँ राजनीतिक प्रणाली सफल हुने निश्चित छ। जसरी पनि चुनाव जित्ने हुटहुटीले पार्टी नेतृत्वले नै यो प्रणालीमा विकृतिको विष घोल्न थाल्यो भने समयान्तरमा जनताले पुर्पुरोमा हात लगाउनुबाहेक कुनै विकल्प बाँकी रहने छैन ।

-भट्टराई नेकपा एमालेका केन्द्रीय सदस्य हुन् ।

